सन्धिखर्क नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

सन्धिखर्क, अर्घाखाँची

मिति २०७८/५/१८

## न्यूनतम ५० दिन रोजगारीमा संलग्न हुनको लागि निवेदन दिने बारेको सूचना ।

नेपाल शहरी शासकीय तथा पूर्वाधार आयोजना र सन्धिखर्क नगरपालिकाको समन्वयमा चालु आ.व.२०७८/०७९ को स्वीकृत बार्षिक कार्यक्रम बमोजिम न्यूनतम ५० दिन बरावरको रोजगारीमा संलग्न भई श्रममूलक सार्वजनिक विकास निर्माणका काममा योगदान गर्न इच्छुक व्यक्तिहरुले मिति २०७८/५/१८ गतेदेखि २०७८/६/५ गतेसम्म यस नगरपालिका भित्र आफुले स्थायी वसोवास गरेको सम्बन्धित वडा कार्यालयमा गई त्यहाँबाट उपलब्ध हुने फाराम भरी सूचिमा सूचिकृत हुन यो सूचना प्रकाशित गरिएको छ । निवेदन दिनको लागि न्यूनतम योग्यता र आवश्यका कागजातहरु देहाय बमोजिम हुनु पर्नेछ ।

**तपशील**

१. निवेदकको उमेर कम्तिमा १८ वर्ष पुरा भएको हुनुपर्नेछ ।

२. सम्बन्धित व्यक्तिको नेपाली नागरिकताको प्रतिलिपि एक प्रति ।

३. सम्बन्धित व्यक्तिको फोटो एक प्रति ।

४. आवश्यकता अनुसार विवाह वा वसाईसराई दर्ता प्रमाणपत्रको प्रतिलिपि (नागरिकतामा स्थायी ठेगाना सन्धिखर्क नगरपालिका नभएको अवस्थामा) ।

५. सम्बन्धित व्यक्तिको सम्पर्क नम्वर

**पुनश्चः** सम्बन्धित वडामा सूचिकृत नभएका व्यक्तिहरुलाई यस नेपाल शहरी शासकीय तथा पूर्वाधार आयोजना अन्तर्गतको कुनै पनि काममा संलग्न गरिने छैन ।

**(नारायण अर्याल)**
प्रमुख प्रशासकीय अधिकृत